शिवराज नगरपालिका नगर कार्यपालिकाको आ.व.२०८३/०८४ को दोश्रो बैठक आज मिति २०८३।०५।११ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बसी देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडाध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडाध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडाध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडाध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडाध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडाध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडाध्यक्ष |
| श्री रिजवान अहमद | वडाध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडाध्यक्ष |
| श्री मन्जु मिश्र क.वा. गंगाराम कुर्मी | वडाध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडाध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री ~~पिताम्बर पाण्डे~~ पूर्णबहादुर विश्वकर्मा | सदस्य-सचिव (नि.प्र.प्र.अ.) |

**निर्णयहरुः**

**निर्णय नं. १ : रसुवा बाढी विपद्मा राहत तथा सहयोग सम्बन्धमा:** रसुवा जिल्लामा हालै गएको विनाशकारी बाढी तथा पहिरो विपद्बाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनस्थापनाका लागि शिवराज नगरपालिकाबाट चालु आ.व. २०८३/०८४ को नगर/वडाबाट तिजमिलन कार्यक्रम शिर्षकमा विनियोजन गरिएको बजेट कटौती गरी तपसिल अनुसारको एकमुष्ट रकम तथा र हिसाव गरी राहत सामाग्री वितरण वा नगद प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो।
तपिसलः

- **तिज मिलन कार्यक्रम ४ नं. वडा :** १ लाख
- **जनप्रतिनिधि :** ९८ हजार
- **कर्मचारी/स्वास्थ्यकर्मी :** ११ लाख ८९ हजार
- **शिक्षक :** २४ लाख ७० हजार
- **एकमुष्ठ जम्मा : ३८ लाख ५७ हजार**

**निर्णय नं. २ : शिवराजका स्थायी निवासी मृतकका परिवारलाई आर्थिक सहायता र घाइतेको उपचार खर्च सम्बन्धमा:** रसुवा विपद्मा परी असामयिक निधन भएका शिवराज नगरपालिकाका स्थायी निवासी मृतकका परिवारलाई प्रति परिवार काजकिरिया तथा राहत सहायता स्वरूप प्रति व्यक्ति एक लाख मात्र उपलब्ध गराउने र विपद्मा परी घाइते भएका नगरवासीहरूको अन्य कुनै निकायबाट उपचार प्राप्त नभएकव प्रमाण पेश भएमा अस्पतालको स्वीकृत बिल बमोजिमको औषधि तथा उपचार खर्च स्वरुप रु. ५० हजारमा नबढ्ने गरी नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. ३ : विविध विषयहरू**

**(क) बेरुजू दाखिला सम्बन्धमा:** आ.व. २०८०/०८१ को महालेखा परीक्षकको अन्तिम लेखापरीक्षणको बार्षिक प्रतिवेदनमा संघीय सरकारको राजश्व शीर्षकमा जम्मा हुनु पर्ने बेरुजु रु. २१,४३२।- नगरपालिकाको आन्तरिक राजश्व खातामा जम्मा भएकोले चालु आ.व. २०८३/०८४ मा कार्यालय संचालन तर्फ विनियोजित बजेट शीर्षक अन्य भत्ता/राजश्व फिर्ता/अन्य फिर्ता शीर्षकबाट बेरुजु दाखिला गर्ने निर्णय गरियो।

**(ख) महालेखा परीक्षकको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन**

**दफा ६१**

**सडक ढलान कार्यमा फरक दर:**

Bill of Quantities अनुसार Contractor ले कबोल गरेको M20 grade RMC concrete को item rate vat सहित प्रति घनमिटर रु.१०,१७०/०० रहेको छ। जुन Normal Mixture को दर विश्लेषण भन्दा कम समेत देखिएको छ। M20 grade RMC Concrete को दर विश्लेषण बमोजिम प्रति घनमिटर को रेट रु.१५,५३७।५० देखिएता पनि कार्यालयले जिल्ला दररेट निर्धारण समितिको स्वीकृत प्रति घनमिटर ओभरहेड बाहेक भ्याट समेत रु. १२,४३०।- का दरले लागत अनुमान तयार गरेको।

- उपभोक्ता समिति मार्फत गरिएको M15 grade RMC concrete मा नर्म्स अनुसार दररेट बिश्लेषण गर्दा प्रति घनमिटर रु. १४०५०/०० देखिएकोमा जिल्ला दररेट निर्धारण समितिको भ्याट सहित स्वीकृत प्रति घनमिटर रु. ११,३००/०० का दरले लागत अनुमान तयार गरिएको।
- Ready Mixed Concrete (RMC) द्धारा Heavy Construction को निर्माण कार्य गर्दा तपशिल बमोजिमका उपलब्धीहरु सरल एंव सहज रुपमा प्राप्त गर्न सकिने।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा,कपिलवस्तु

उपाध्यक्ष छाया नगर प्रमुख

- RMC Batching Plant बाट आएको Concrete मा Consistency हुने भएकोले Strength & durability सुनिश्चित हुने।
- ठुलो परिमाणको काममा RMC प्रयोग गर्दा काम छिटो सम्पन्न हुने Project delay र indirect cost घट्ने।
- RMC Concrete मा Life cycle cost घट्ने र Normal mix concrete मा repair/Maintenance को संभावना रहने हुदाँ RMC मितव्ययी हुने।
- यस अनुसार सार्वजनिक हानी नोक्सानी नभएको र निर्माण भएको योजना थप गुणस्तरीय र दिगो हुने भएकोले र आधुनिक प्रविधि समेतको उपयोग भएकोले भुक्तानी भएको रु. ११,६७,२६८।- नियमित भएको निर्णय गरियो।

दफा ८७

ट्युवेल खरिद तथा जडान

पम्पसेट तथा सिँचाइ मोटर खरिद - यस पालिकाको वडा नं. ८ ले वार्षिक कार्यक्रममा ५० प्रतिशत अनुदानमा कृषि सामाग्रि वितरण तथा वडा नं. ११ ले ५० प्रतिशत अनुदानमा सिँचाइ मोटर शीर्षकमा वजेट विनियोजन गरेको र नगरपालिकाले सार्वजनिक खरिद ऐन अनुसार दररेट तथा लागत अनुमान लगायतका खरिदको सवै प्रकृया पुरा गरी खरिद भएको तथा खरिद भएका पम्पसेट/सिँचाइ मोटरलाइ किसानहरुको हितलाइ मध्यनजर गरी उनिहरुको वालिनालि भएको जग्गा जमिनमा सजिलै ल्याउन लैजान सहजहोस तथा चोरी हुनवाट जोगाउन कुनै निश्चित स्थानमा जडान नगरीएको तथा जडान गर्न समेत सान्दर्भिक नदेखिएको हुनाले र यसवाट किसानहरुले प्रत्यक्ष लाभ लिएको साथै सवै समयमा यसको भरपुर उपयोग गरी किसानहरुको उत्पादनमा वृद्धि गर्न सहयोग भएको र यसवाट सार्वजनिक हानि नोक्सानि नभएकोले वडा नं. ११ को सिचाइ मोटर खरिदको रु. ७,९९,२०८ र वडा नं. ८ को पम्पसेट खरिद रु. ९,७०,९२४ लाइ नियमित गरियो।

दफा ९०

निर्माण सामग्रीको गुणस्तर परीक्षण

- निर्धारित संख्यामा compressive strength test सम्पन्न हुन नसकेको procedural कमी रहेको भए तापनि निर्माण कार्यको क्रममा उपलब्ध भएका Testing सामाग्री (Rebould hammer test) प्रयोग गरी concrete को गुणस्तरमा कमसल काम नभएको सुनिश्चत रहेको।
- उपलब्ध compressive strength test results समेत specified strength अनुरूप रहेको हुँदा निर्माण भएको concrete को गुणस्तरमा प्रतिकूल असर नपर्ने।
- उक्त भुक्तानी रकम cube test नगरेको बराबरको concrete work को रकम होइन, केवल testing service को खर्च/Provisional Sum/BOQ testing item को मात्र हो।
- आगामी दिनमा प्रत्येक concreting दिन, location, concrete quantity, cube casting तथा 7-day/28-day test result समेटिएको Concrete Cube Register तथा Test Monitoring Register अनिवार्य रूपमा राखी specification अनुसार परीक्षण गरिने व्यवस्था मिलाइने प्रतिवद्धता सहित भुक्तानी खर्च रु.७३,४००।- नियमित छ।

दफा ९१

फरक मोटाईको प्रिमिक्स कार्पेटिङ्ग

सडकको अवस्था र Surface Irregularity: सडकको सब-बेस र बेस कोर्स (Sub-base / Base course) पूर्ण रूपमा समतल नभएको। सतहको असमानता (Roughness/Irregularities) लाई मिलाएर सही Slope, Camber र Smooth Riding Quality कायम गर्न कम्तीमा २५ mm को मोटाई आवश्यक देखिएको।

- उक्त स[illegible]क खण्डमा स्थानीय भारी सवारी साधन (Heavy Vehicles/Tractors) को आवत जावत बढी हुने भएकाले सड[illegible]को आयु बढाउन र Wearing Course लाई छिट्टै उप्किने (Stripping) बाट बचाउन २५ mm गरिएको।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

थाप[illegible]
[illegible] प्रमुख

- तराई/स्थानीय क्षेत्रमा पानीको कटान र अत्यधिक गर्मीका कारण ओपन ग्रेडेड प्रिमिक्स छिटो बिग्रने सम्भावना हुन्छ। २५ mm मोटाईले Water Infiltration घटाउन र सडकको Protective Layer लाई थप बलियो बनाउन मद्दत गर्दछ।
- उक्त २५ mm मोटाई ठेक्का सम्झौता पूर्व नै स्वीकृत लागत अनुमान र BOQ मा समेटिई, सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम खुला प्रतिस्पर्धात्मक विधिबाट ठेक्का प्रक्रिया सम्पन्न भई निर्माण कार्य गराइएको हो। ठेक्का सम्झौता पश्चात् परिमाण वा दर बढाएर अतिरिक्त व्ययभार पारिएको अवस्था नरहेको र गुणस्तरीय सडक निर्माण भई सरोकारवालाहरुले समेत प्रत्यक्ष लाभ लाभ लिई रहेकोले भुक्तानी रकम रु. ५९,६५२।- नियमित गरियो।

**(ग) नगर अस्पतालको आन्तरिक राजस्व सम्बन्धी:**

शिवराज नगर अस्पतालबाट संकलन भएको राजश्व विवरण तपसिल अनुसार रहेको छ।

**तपसिलः**

मिति २०८३/३/९ देखि २०८३/३/३२ सम्म रु. ४,४४,०६३।८९

मिति २०८३/४/१ देखि २०८३ श्रावण मसान्त सम्म रु. ५,९७,०५७।५८

मिति २०८३/५/१ देखि २०८३/५/७ सम्म रु. २,०६,४७१।२३

**जम्मा: रु १२ लाख ४७ हजार ५ सय ९२ र पैसा ७० मात्र**

**(घ) नगरभित्र सञ्चालित स्पा तथा डान्सबार बन्द गराउने सम्बन्धमा:**

शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न स्पा तथा डान्सबारहरूबाट संचालित गतिविधिहरुले सामाजिक विकृति बढेको, शान्ति-सुरक्षामा खलल पुगेको र वातावरणीय अशान्ति सिर्जना भएको भन्दै नगरवासीहरूबाट पटक-पटक गुनासो तथा डेलिगेसन आएकोले, उक्त प्रकृतिका (स्पा तथा डान्सबार) व्यवसाय सञ्चालनका लागि शिवराज नगरपालिकाले अनुमति दिने सम्बन्धि कानूनी प्रबन्ध नगरेकोले यस्तो प्रकृतिका व्यवसायलाई सञ्चालन अनुमति नदिएकोले नगर क्षेत्रभित्र सामाजिक सद्भाव र शान्ति-सुरक्षा कायम राख्नका लागि निम्नानुसार गर्ने सर्वसम्मत निर्णय गरियो:

- शिवराज नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण स्पा तथा डान्सबारहरू यो निर्णय अनुसार सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अनिवार्य रूपमा बन्द गर्न/गराउन सञ्चालकहरूलाई सार्वजनिक सूचना मार्फत म्याद दिने।
- तोकिएको ७ दिनको म्यादभित्र व्यवसाय सञ्चालनमा रोक नलगाएमा वा निर्णयको अवज्ञा गरी सञ्चालन गरेको पाइएमा प्रचलित कानुन बमोजिम अनुगमन गरी कानुनी कारबाही गर्ने।
- यो निर्णय कार्यान्वयनका लागि सम्बन्धित निकायमा आवश्यक सहयोगका लागि पत्राचार गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय कपिलवस्तु, लुम्बिनी प्रदेश

नगर प्रमुख